नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाण्डौ

फोन नं:- ०१-४२५७७८३
फ्याक्स:- ०१-४२५८२४०

प.सं. :- 2063/068
च.नं. :- 9026

मिति: २०७४/०२/१४

**विषय: सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न गराउन हुन ।**

श्री जिल्ला समन्वय समितिको कार्यलय प्रमुख (सबै) ।
श्री महा-नगरपालिका कार्यालय प्रमुख (सबै)।
श्री उप-महानगरपालिका कार्यालय प्रमुख (सबै) ।
श्री नगरपालिका कार्यालय प्रमुख (सबै) ।
श्री गाउँपालिका कार्यालय प्रमुख (सबै) ।

यस विभागको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी परिपत्र मिति २०७३/११/३० को मन्त्रालय तथा विभागको website मार्फत प्राप्त भएकै होला । सो अनुसार गाउँपालिकाको लागि सम्बन्धित जिल्ला समन्वय समितिसँग समन्वय गरी भत्ता वितरण गर्ने । कतिपय जिल्ला अन्तर्गतका स्थानीय तहको अनुगमन गर्दा समयमा भत्ता वितरण गर्ने कार्य नभएको साथै यस आर्थिक वर्षको लागि भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न देहाय अनुसार गर्न गराउन निर्देशन गरिएको छ :

१. यस आर्थिक वर्षको भत्ता वितरण दोश्रो तथा तेश्रो किस्ता वितरण गर्ने समय सीमा (जेठ १५) हेरी वडा कार्यालयबाट खाता खोली वा स्थानीय तहको केन्द्रीय कार्यालयबाट पेश्की लिई विवरणको आधारमा समयमा भत्ता वितरण गर्ने ।

२. MIS Data प्रविष्टि को लागि पटक पटक अनुरोध गर्दा पनि प्रविष्टि नगर्ने स्थानीय तहको लागि अर्को आर्थिक वर्षदेखि रकम निकासा गर्न लाग्ने खर्चको यकिन गर्न समस्या हुने भएकोले र अर्को वर्ष सोको लागि बजेट व्यवस्था नभएकोले यही आर्थिक वर्षमा उक्त कार्य अनिवार्य रुपमा गरी सो बापत लाग्ने बजेट माग गर्ने ।

३. सामाजिक सुरक्षाको रकम खर्च गर्ने सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ बारे विभागको website बाट जानकारी लिन सकिने हुँदा सोही अनुसारको विवरण विभागमा अनिवार्य रुपमा पठाउने ।

४. यस आर्थिक वर्षमा भत्ता वितरण गरिने रकम समयमा वितरण नभएमा त्यो फ्रिज भएर जाने र सो को जिम्मेवारी सम्बन्धित कर्मचारीहरुमा रहने पुन: जानकारी गराईएको छ। नवगठित स्थानीय तह तथा जिल्ला समन्वय समितिबाट उक्त भत्ता वितरणको विवरण हेरी नपुग रकमबारे २०७४/०२/२५ सम्म पठाइएमा सो को माग अर्थ मन्त्रालयसँग गर्न सकिने छ।

५. स्थानीय स्तरमा भत्ता वितरण गर्न स्थानीय बैंकसँग सहकार्य भई रहेकोमा त्यसलाई निरन्तरता दिई सम्बन्धित स्थानीय तहबाट सहयोगको लागि अनुरोध गरिएको छ। अर्को आर्थिक वर्षदेखि बैंकमार्फत भत्ता वितरण गर्न भत्ता पाउनेहरुको विवरण आवश्यक हुने भएकोले सो को अभिलेख तयार गर्ने ।

६. जिल्ला समन्वय समिति र निर्वाचित स्थानीय तहबाट भत्ता वितरणबारे अनुगमन गरी जानकारी गराउनुहुन अनुरोध गरिएको छ ।

2074/2/14

अनिल कुमार ठाकुर
(महानिर्देशक)

बोधार्थ: श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (सिंहदरबार काठमाण्डौ)

वेवसाइट: www.docr.gov.np
इमेल:- sss@docr.gov.np